# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मितिः २०८०।०७।१७

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले कान्तिपुर मिडिया ग्रुप केन्द्रित गरी आन्दोलनका थप कार्यक्रम घोषणा गरेको छ । कान्तिपुरबाट ८२ जना पत्रकारलाई गैरकानुनी ढंगले निष्कासन तथा सरुवा गरेको विरोधमा महासंघले दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको हो ।

कात्तिक १८ गतेदेखि सुरु हुने दोस्रो चरणको आन्दोलनका कार्यक्रम मंसिर १० सम्म चल्नेछन् । घोषित आन्दोलनका कार्यक्रम अनुसार हरेक दिन सेन्ट्रल बिजनेस पार्क थापाथलीस्थित कान्तिपुर मिडिया ग्रुप परिसरमा साढे २ बजेदेखि साढे ४ बजेसम्म पत्रकारले दुई घण्टा धर्ना दिनेछन् । कात्तिक २३ गते माइतिघर मण्डलादेखि कान्तिपुर पब्लिकेसन्ससम्म सम्पादकको खोजी हुनेछ ।

मंसिर १० गतेसम्म धर्नासहित अन्य सिर्जनात्मक कार्यक्रमहरू गरिनेछ । मिडियाका श्रम समस्या समाधानका लागि विभिन्न संघसंगठनहरूसँग छलफल, राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायमा पत्राचार, प्रतिनिधि सभाका सभामुख तथा राष्ट्रियसभाका अध्यक्षको ध्यानाकर्षण, संसदीय समितिमा ध्यानाकर्षण, अन्तर्राष्ट्रिय संस्थाहरूसँग पत्राचार तथा भेटघाट लगायतका कार्यक्रम गरिनेछ ।श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सहयोग गर्न व्यंग्यात्मक रुपमा कात्तिक २५ गते कान्तिपुरको बैंक खातामा १ रुपैयाँ जम्मा गरिनेछ ।

यसअघि सम्पन्न धर्ना लगायतका कार्यक्रमहरूमा सक्रिय सहभागिताका लागि धन्यवाद दिँदै घोषित थप कार्यक्रममा सक्रिय सहभागिता जनाउन नेपाल पत्रकार महासंघ उपत्यकास्थित आफ्ना सबै शाखाका पदाधिकारी, सदस्य तथा विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवी पत्रकार, पत्रकारका संघसंगठनका प्रतिनिधिलगायत श्रमजीवी पत्रकारका पक्षधर सबैमा हार्दिक आग्रह गर्दछ ।

आन्दोलनका कार्यक्रमहरू श्रमजीवी पत्रकार ऐनअनुसार पत्रकारले उठाएका जायज मागहरू पूरा नभएसम्म जारी रहने सबैमा जानकारी गराइन्छ ।व्यवस्थापन पक्षले निष्कासन गरेका ८२ पत्रकारको पुनर्वहाली, अनधिकृत सरुवाको बदर र श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयलगायतका मागहरू अविलम्ब पूरा गर्ननेपाल पत्रकार महासंघले कान्तिपुर मिडिया ग्रुपसमक्ष पटकपटक आग्रह गर्दै आइरहेको छ । आन्दोलनको विस्तृत कार्यक्रम यसैसाथ संलग्न गरिएको छ ।

रोसन पुरी
महासचिव

नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

## कान्तिपुर मिडिया ग्रुपमा संघर्षका कार्यक्रम

| मिति | नेतृत्व | स्थान | सहभागिता |
|---|---|---|---|
| कार्तिक१८ | प्रतिष्ठान प्रवेश | कान्तिपुरमिडियाग्रुप | |
| कार्तिक१९ | उपत्यका प्रवेश | | |
| कार्तिक२० | एसोसिएट प्रवेश | | |
| कार्तिक२१ | प्रभावित पत्रकार | | प्रभावितपत्रकारकापरिवारसमेत |
| कार्तिक२२ | महिला विभाग | | |
| कार्तिक२३ | केन्द्रीय समिति | माइतिघरमण्डला (सम्पादककोखोजी) | |
| कार्तिक२४ | उपत्यकाबाट निर्वाचित केन्द्रीय समिति | माइतिघरदेखिकान्तिपुर | |
| कार्तिक२५ | एसोसिएटबाट निर्वाचित केन्द्रीय समिति | माइतिघरदेखिकान्तिपुर | |
| कार्तिक२६देखिमंसिर३ | डिजिटलअभियान | | |
| मंसिर४ | केन्द्रीय समिति | माइतिघरमण्डला | पाठकसँगअन्तर्क्रिया |
| मंसिर५ | केन्द्रीयसमिति | माइतिघरमण्डला | संघसंगठन |
| मंसिर६ | केन्द्रीयसमिति | तीनकुने - थापाथली | मानवश्रृंखला ([illegible]) |
| मंसिर७ | केन्द्रीयसमिति | | |
| मंसिर८ | केन्द्रीयसमिति | | |
| मंसिर९ | केन्द्रीयसमिति | | |
| मंसिर१० | केन्द्रीयसमिति | | |

अन्य कार्यक्रमहरू

| मिति | कार्यक्रम | स्थान |
|---|---|---|
| कार्तिक१९ | छलफल | पत्रकार सम्बद्ध संघसंगठन |
| कार्तिक२० | पत्राचार | राष्ट्रियअन्तर्राष्ट्रियनिकाय |
| कार्तिक२१ | पत्राचार | सरकारसम्बद्धनिकाय |
| कार्तिक२२ | डेलिगेसन | श्रमकार्यालय/विभाग/प्रेसरजिष्ट्रार |
| कार्तिक२३ | डेलिगेसन | सञ्चारमन्त्रालय |
| कार्तिक२४ | भेटवार्ता | अन्तर्राष्ट्रियसंस्थासम्बद्धपत्रकारप्रतिनिधि |

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

अन्य कार्यक्रमहरु

| मिति | कार्यक्रम | स्थान |
|---|---|---|
| कात्तिक१९ | छलफल | पत्रकार सम्बद्ध संघसंगठन |
| कात्तिक२० | पत्राचार | राष्ट्रिय/अन्तर्राष्ट्रियनिकाय |
| कात्तिक२१ | पत्राचार | सरकारसम्बद्धनिकाय |
| कात्तिक२२ | डेलिगेसन | श्रमकार्यालय/विभाग/प्रेसरजिस्ट्रार |
| कात्तिक२३ | डेलिगेसन | सञ्चारमन्त्रालय |
| कात्तिक२४ | भेटवार्ता | अन्तर्राष्ट्रियसंचारसम्बद्धनेपालप्रतिनिधि |
| कात्तिक२५ | सहयोगसंकलन | कान्तिपुरलाई १रुपैयाँसहयोग/ कान्तिपुकोखातामाजम्मागर्ने। |
| मंसिर४ | पाठकसँगअन्तर्क्रिया | माइतिघर |
| मंसिर५ | अन्तर्क्रिया/ज्ञापनपत्र | सभामुख/राजनीतिकदल |
| मंसिर६ | अन्तर्क्रिया/ज्ञापनपत्र | संसदीयसमिति |
| मंसिर७ | अन्तर्क्रिया/ज्ञापनपत्र | राष्ट्रियसभाअध्यक्ष |
| मंसिर८ | प्रत्यक्षभेटवार्ता | राष्ट्रियमानवअधिकारआयोग |
| मंसिर९ | प्रत्यक्षभेटवार्ता | ILO प्रतिनिधि |
| मंसिर१० | प्रत्यक्षभेटवार्ता | UN प्रतिनिधि |

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673-5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org